राष्ट्रिय दैनिक

प्रतिदिन

PRATIDIN NATIONAL DAILY

ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, शिप र क्षमताको उपयोग गरौं
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : २८८ ।। २०७९ मंसिर २६ गते सोमबार (12th Dec 2022 Monday) **Pratidin** National Daily dNo-?÷%÷-

स्थानीय न्यायिक समितिमा थुप्रै चुनौती

भ्रापा(प्रस)। न्याय सम्पादनका क्रममा आफ्ना चुनौती र कमजोरीप्रति ध्यान दिन स्थानीय न्यायिक समितिलाई सुझाव दिइएको छ । पहिलो ५ वर्षे कार्यकालमा आवश्यक साधन स्रोत जुटाई सीमित ज्ञानका बाबजुद न्यायिक समितिले जे जति कार्यहरु गर्न सफल भए, त्यो पूर्ण नभए पनि सन्तोषजनक रहेको निष्कर्षसहित अब दोस्रो कार्यकालमा अपेक्षा अझ वृद्धि हुने भएकाले सबैको साथ, सहयोगमा समिति स्वयम्को सक्रियता बढाउनुपर्ने सुझाव दिइएको हो । ७४ औं अन्तर ाष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकार संजाल भ्रापाद्वारा बिर्तामोडमा आयोजित स्थानीय न्यायिक समिति , भूमिका , उपलब्धि र चुनौतीहरु विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले न्यायिक समितिको काम कार्वाहीबारे आफ्नो धारणा राखेका थिए । कार्यक्रममा मानव अधिकार विज्ञ कोषराज न्यौपानेद्वारा तयार पारिएको कार्यपत्र अधिवक्ता कविता शर्माले प्रस्तुत गरेकी थिइन् । कार्यपत्रमा न्यायिक समिति एक महत्वपूर्ण संयन्त्र भएता पनि यसले विभिन्न चुनौतीहरुको सामना व्यहोर्नु परिरहेको उल्लेख गरिएको छ ।

प्रायजसो सदस्यहरु न्याय सम्पादनका क्रममा अवलम्वन गर्नुपर्ने कानूनी प्रक्रियाका बारेमा कम जानकार हुनु,यथेष्ट प्रमाणको मूल्यांकन नगरी निर्णय भईरहेको,निर्णयमा राजनीतिक पूर्वाग्रह देखिएको भनी गुनासो आईरहेको,न्यायिक समितिको निर्णय कार्यान्वयन गर्न स्थानीय तहका प्रमुखको उदासीनता देखिएको, मतदाता र निकटका झगडियालाई चित्त बुझाएर न्याय सम्पादन गर्न समितिलाई कठिन भएको,सिधै जिल्ला अदालतमा पनि जान सकिने कारणले क्षेत्राधिकारमा दोहोरोपनाको समस्या देखिएको,न्यायिक समितिलाई पक्षहरुले अदालतलाई जस्तो सम्मान नगर्ने,राजनीतिक क्षेत्रबाट निर्वाचित हुने उपप्रमुखमा कानुनी ज्ञानको अभाव भई समितिको प्रभावकारितामा प्रश्न उठ्ने गरेको,न्यायिक समितिहरु छलफल र कचहरीमै सीमित भएको भन्ने गुनासो प्राप्त भएको, स्थानीय न्यायिक समितिमा मुद्दा अनुसन्धानको पाटो शून्य देखिएको र दुवै पक्षलाई जुटाएर उनीहरुका कुरा सुन्ने र मेलमिलाप गराउने प्रयासमा न्यायिक समितिको भूमिका सीमित भएको कार्यपत्रमा उल्लेख छ । त्यस कार्यपत्रमाथि टिप्पणी गर्दै वरिष्ठ अधिवक्ता लीला उदासीले न्यायिक समितिका सदस्यहरु कानुनी प्रक्रियाको बारेमा जानकार नरहनुले ओरेन्टेसन प्रोग्राम दिइनुपर्ने सुझाव दिए । विगत दुई वर्षदेखि जिल्ला अदालतले अनुगमन गरिरहेकोमा अनुगमन मात्र पर्याप्त नभएको उनले बताए । दलीय प्रतिनिधिबाट निष्पक्ष फैसला नआउने भएकाले न्यायिक समितिको इजलासमा बस्दा न्यायिक समितिका सदस्यहरु गंभीर बन्न उनको सुझाव छ । प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले दलीय प्रतिनिधिहरु कुर्सीमा बस्दा अहमता हुने भएकाले न्याय सम्पादनका बेला छुट्टै इजलासको व्यवस्था गर्नुपर्नेमा जोड दिए । उनले इजलासमा जाँदा राजनीतिक कुरा सबै बिर्सन आग्रह गरे । मेचीनगर नगरपालिकाका उपप्रमुख मीना उप्रेतीले आफूहरु कानुनको ज्ञाता नभएकाले न्याय सम्पादनका क्रममा थुप्रै चुनौतीहरु सामना गर्नु परिरहेको बताइन् ।उनले राजनीतिक रुपमा मुद्धालाई प्रभावित पार्ने पालिकाहरुलाई कार्वाही गर्ने व्यवस्था गरिनुपर्नेमा जोड दिइन् । नेपाल वार एशोसिएसन भ्रापाकी सचिव हेमकला कट्टेलले न्यायिक समितिका सदस्यहरुले विज्ञसंग तालिम लिएर न्याय सम्पादन गर्न आबश्यक रहेको बताइन् । मानव अधिकार संजाल भ्रापाका अध्यक्ष विष्णु खरेलको अध्यक्षता तथा जिल्ला समन्वय समितिका उपप्रमुख शान्ता रोक्काको प्रमुख आतिथ्य रहेको कार्यक्रममा स्वागत लक्ष्मी निरौलाले गरेका थिए भने संचालन सचिव रुपक खनालले गरेका थिए । कार्यक्रममा विभिन्न पालिकाका न्यायिक समितिका सदस्यहरु र संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

झापामा मानव अधिकार उल्लंघनका घटना बढ्यो

झापा(प्रस) । झापामा मानव अधिकार उल्लंघनका घटना बढ्दै गएको छ । गत वर्षको तुलनामा यस वर्ष मानव अधिकार उल्लंघन तथा ज्यादतीका घटना बढेका हुन् । मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् २०२२ को जनवरी १ देखि नोभेम्वरसम्म झापा जिल्लामा १९५ वटा घटनामा १ सय ९९ जना पीडित भएको अभिलेख सार्वजनिक गरेको हो । ७४ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकार संजाल झापाद्वारा आयोजित नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन तथा पूर्व वार्षिक समीक्षा कार्यक्रममा इन्सेक प्रतिनिधि नरेश खातीले प्रस्तुत गरेको कार्यपत्रमा सन् २०२२ जनवरी १ देखि नोभेम्बर (अर्थात् ०७८ पौष १५ देखि ०७९ मंसिर १५गतेसम्म) को अवधिलाई हेर्ने हो भने झापामा पत्रकारमाथि सामाचार लेखेकै कारण धम्कीका विषयले मानव अधिकार रक्षकमाथि सामाजिक सुरक्षाका विषयमा प्रश्नचिन्ह खडा भएको उल्लेख छ ।त्यस्तै जातीय विभेद, महिला बालबालिकामाथि बलात्कार, बलात्कार प्रयास, दाइजो मागेको, मानव बेचबिखन, घरेलु हिंसा, हत्या, हत्या प्रयास र बहुविवाहजस्ता घटनाहरु सन् २०२२ मा पनि निरन्तर भईरहेको अवस्था छ ।

छोराले आमाको र पतिले पत्नीको हत्या गर्नुले अहिलेको समयमा पनि घरेलु हिंसा सहन बाध्य महिलाको अवस्थाले समाजमा उनीहरुको अवस्था चित्रण गरेको छ । यस अवधिमा जिल्लामा ४ वर्षीया बालिकादेखि ५२ वर्षीया महिला बलात्कार घटनामा पीडित भएका छन् । महिला बालबालिकाहरु आफ्नै नजिकका छिमेकी, नातेदारहरुबाट बलात्कारजस्ता घटनामा पीडित भएको कार्यपत्रमा उल्लेख छ । चिनजानका व्यक्तिहरुले रोजगारीको प्रलोभन देखाएर महिलाहरुलाई काँकरभिट्टाको नाकाबाट भारततर्फ बेचबिखनको उद्देश्यले लगेको अनुगमनका क्रममा पाइएको छ । यसले झापामा सामाजिक सुरक्षामा चुनौती खडा गरेको छ ।

जिल्लामा दलितसँग विवाह गरेको र दलित भएकै कारण आमा बाबु र सासु ससुराको काज किरिया गर्न नपाउनुले जातीय विभेदको संरचना समाजमा कायमै रहेको निश्कर्ष निकालिएको छ । विद्यालयमा शिक्षिका तथा छात्राहरुमाथि सहकर्मीद्वारा यौन दुर्व्यवहारका घटना बढ्नुले कार्यस्थलमा महिला बालबालिका असुरक्षित रहेको प्रष्ट हुन्छ । जिल्ला कारागार झापामा क्षमताभन्दा बढी कैदी बन्दी राखेका कारण उनीहरूको आधारभूत अधिकारको सम्बोधन हुन नसकेको देखिएको छ । स्थानीय तह तथा प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा अपाङ्ग, ज्येष्ठ नागरिकले सहज ढङ्गले मताधिकार प्रयोग गर्नमा समस्या भएको विषयलाई आगामी दिन राज्यले सम्बोधन गर्नु पर्ने कार्यपत्रमा उल्लेख छ । सन् २०२१ को जनवरीदेखि नोभेम्बरसम्म हत्याको २ वटा, महिला अधिकारसँग सम्बन्धित ८२ वटा, बाल अधिकारका ८३ गरी जम्मा १ सय ६७ वटा घटनाहरुमा १ सय ६७ जना पीडित भएका थिए ।

सन् १९९२ देखि नेपाल मानव अधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ । मानव अधिकार संजाल झापाका अध्यक्ष विष्णु खरेलको अध्यक्षता तथा जिल्ला समन्वय समितिका उपप्रमुख शान्ता रोक्काको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रस्तुत कार्यपत्रमाथि वरिष्ठ अधिवक्ता लीला उदासी , प्रमुख जिल्ला अधिकारी छविलाल रिजाल , नेपाल वार एशोसिएसन झापाका सचिव हेमकला कट्टेललगायतले टिप्पणी गरेका थिए । कार्यक्रमको संचालन संजालका सचिव रुपक खनालले गरेका थिए ।

घटना र पीडित विबरण

क्र.स	घटना	घटना सङ्ख्या	पीडित				जम्मा पीडित
			पुरुष	महिला	बालिका	बालक	
१	हत्या	१३	६	७		१	१३
५	बलात्कार	१०१		२६	७५		१०१
६	बलात्कार प्रयास	१२		१२			१२
७	बहुविवाह	२५		२५			२५
८	मानवबेचबिखन	५		९	२		११
१०	दाइजो नदिएको	१		१			१
११	जातीय भेदभाव तथा छुवाछुत	१		१			१
१२	यौन दुर्व्यहार	३५			३५		३५
१३	नवजात शिशु हत्या	१		०	१	०	१
	घरेलु हिंसा	१		१			१
जम्मा		१९५ वटा	६	८२	११२	१	१९९

बिर्तामोडको खाद्य व्यवस्थाको कार्यालयमा तालाबन्दी

भ्रापा(प्रस)। सरकारले तोकेको धानको समर्थन मूल्य कार्यान्वयनको माग गर्दै किसानले बिर्तामोडस्थित खाद्य व्यवस्था तथा कम्पनी लिमिटेडको शाखा कार्यालयमा तालाबन्दी गरेका छन् । प्रहरीको हस्तक्षेपका बीच किसानहरूले तालाबन्दी गरेका हुन् । सरकारले तोकेको मूल्यमा धान खरिद नभइरहेको भन्दै उनीहरूले तत्काल समर्थन मूल्यमा धान खरिद गर्नुपर्ने माग गरेका छन् । अखिल नेपाल किसान महासंघ भ्रापा र नेपाल किसान महासंघले संयुक्त रुपमा तालाबन्दी गरेका छन् । अखिल नेपाल किसान महासंघका राष्ट्रिय समिति उपाध्यक्ष वेणु शिवाकोटीले व्यापारीले मनपरी मूल्यमा किसानबाट धान खरिद गरिरहेको जानकारी दिए । 'किसानको दबाबका कारण सरकारले मूल्य निर्धारण गरेको छ' शिवाकोटीले भने 'अहिले खाद्यले धान खरिद गरेको छैन, व्यापारीले तोकिएको मूल्य दिइरहेका छैनन् ।' सरकारले मोटा धान प्रतिमन ११८६ र मध्यम धान १२५१ रुपैयाँ तोकेको छ । व्यापारीहरूले आफूखुसी ९ सयदेखि १ हजारसम्म प्रतिमनमा धान खरिद गरिरहेका छन् । जिल्लाभरबाट प्रतिनिधिमूलक सहभागी भएका किसानलाई प्रहरीले तालाबन्दी गर्न रोकेको थियो ।

हात्तीको आक्रमणमा चार घाइते

भ्रापा(प्रस) । भ्रापाको हल्दिवारीमा शनिवार राति जंगली हात्तीको आक्रमणमा परी चारजना घाइते भएका छन् । हल्दिबारी गाउँपालिका वडा नं ४ को कालीमन्दिर टोलमा राति करिब २:१५ बजे आएको जंगली हात्तीले आक्रमण गरेको हो । लखेटेर भागाभाग हुँदा गौरादेवी पौडेल , नगेन्द्र पौडेल ,पार्वतादेवी पौडेल र चेतन पौडेल घाइते भएका हुन् । उनीहरुको मेची प्रादेशिक अस्पताल भद्रपुरमा उपचार भइरहेको जलथल प्रहरी चौकीले जनाएको छ। हात्तीले स्थानीय जयप्रकाश दाहालको अन्दाजी १ बिगाहको धान पूर्णरूपमा क्षति पुर्याउनुका साथै विजय लावतीको थ्रेसर लगाएको धान करिब ६ मन जति खाएर छरछार गरेको स्थानीय प्रल्हाद सिलवालले जानकारी दिएका छन् । त्यसैगरी हात्तीले धनबहादुर गहतराजको अटोमा समेत क्षति पुर्याएको छ ।

दाहालको खमारमा रहेको अन्दाजी १ बिगाहको कुन्युको धान क्षति गरिरहेको अवस्थामा सो हात्ती गाउँमा पस्ने देखेर गाउँलेले प्रहरी बोलाएका थिए । प्रहरीको सहायतामा हात्ती खेदाउँदा स्थानीयहरु घाइते भएको प्रहरीले जनाएको छ। दिनहुँ आउने हात्तीको कारण त्यस क्षेत्रका बासिन्दा समस्यामा परेका छन्।

लेखापढी एशोसिएसनको अध्यक्षमा पोखरेल निर्वाचित

भद्रपुर(प्रस)।नेपाल लेखापढी कानुन व्यवसायी एशोसिएसन इकाई समिति भद्रपुरको १० औं अधिवेशनबाट लावण्यकुमार पोखरेल अध्यक्षमा निर्वाचित भएका छन् ।

निवर्तमान अध्यक्ष लोकनाथ भट्टराईलाई ४६ मतले पछि पार्दै पोखरेल निर्वाचित भएका हुन् । पोखरेलले एक सय ३० र भट्टराईले ८४ मत पाएका छन् । यसैगरी उपाध्यक्षमा एक सय ३२ मतका साथ प्रकाश निरौला निर्वाचित भए भने उनका प्रतिष्पर्धीमा ७७ मत पाएर मुकुन्द पौडेल उपविजेता बन्न पुगेका छन् ।

त्यस्तै सचिवमा मुरारी न्यौपाने र सहसचिवमा नारायण हजाम निर्विरोध निर्वाचित भएका थिए भने कोषाध्यक्ष डिल्लीराम अधिकारी पनि निर्विरोध निर्वाचित भएका छन् ।सदस्यहरूमा सुगम सुवेदी (१४८), गंगादेवी भण्डारी (१४७), बसन्त ढकाल (१४२), लक्ष्मीप्रसाद कोइराला (१३७), शिवकुमार समाल (१३१), पानीलाल राजवंशी (१२७) र छविरमण खनाल (१२४) मतका साथ निर्वाचित भएको निर्वाचन समितिले जानकारी दिएको छ ।

गहुँत ग्रहणका लागि आह्वान

हाम्रा प्रिय भाइ स्वर्गीय हरिकुमार प्रसाईको दशौं दिनको पुण्यतिथिमा गहुँत ग्रहणका लागि समस्त प्रसाई परिवारहरु उपस्थित भइदिनु हुन अनुरोध गर्दछौं ।

मिति-२०७९ मंसिर २७ गते मंगलवार
स्थान- न्यूटन्स् एजुकेशन एकाडेमी, बिर्तामोड-५
समय-बिहान ८ बजेदेखि

दाजुहरु:
किशोर प्रसाई
कपिल प्रसाई

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय
भद्रपुर, झापा।

सम्पूर्ण खाद्य तथा दाना व्यवसायीहरुलाई सूचना

खाद्य/दाना पदार्थको प्रशोधन, प्याकेजिङ्ग गरि विक्री वितरण गर्ने उद्योगहरुले खाद्य ऐन २०२३को दफा ४(ख) तथा खाद्य नियमावली २०२७ को नियम २४,एवं दाना ऐन २०३३ को दफा ७र दाना पदार्थ नियमावली, २०४१ को नियम १८ बमोजिम खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वा अन्तर्गतका कार्यालयहरुबाट अनिवार्य रुपमा अनुज्ञापत्र लिनु पर्ने तथा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र नवीकरण गरेर मात्र खाद्य तथा दाना पदार्थ उत्पादन तथा विक्री वितरण गर्नु व्यवस्था भएको व्यहोरा सरोकारवाला सबैलाई जानकारी गराईन्छ। थप जानकारीको लागि सम्पर्क

मो: ९८५२६५६१११

भकारीमा धान थन्क्याउने हो नि- बिर्तामोड नगरपालिका-३ बिर्ताबजारमा बाँसले बनेका सामग्री निर्माण गरी बिक्री गर्न राखेका अप्पु चौधरी ।
(तस्बिर- सर्जु संसार)

हरियो चिया पत्तिको गुणस्तर वृद्धि गर्न आग्रह

बिर्तामोड(प्रस)। हरियो चिया पत्तिको गुणस्तर वृद्धिमा ध्यान दिन चिया किसानलाई सरोकारवालाले आग्रह गरेका छन् । विश्व बजारमा चियाको भविष्य राम्रो रहेको भन्दै उनीहरुले उत्पादनसंगै गुणस्तरमा पनि ध्यान दिन आग्रह गरेका हुन् ।

सरोकारवालाले हरियो चिया पत्तिको गुणस्तर वृद्धि गर्न सरकारले पनि सहयोग गर्नुपर्नेमा जोड दिएका छन् । समयमै आवश्यक मलखाद्य र सिंचाईको प्रबन्ध गरेको खण्डमा हरियो चिया पत्तिको गुणस्तर वृद्धि गर्न सकिने उनीहरुको भनाइ छ । झापाका चिया किसान र उद्योगीका लागि राष्ट्रिय चिया तथा कफी विकास बोर्डले हरियो चिया पत्तिको गुणस्तरीय मापदण्डसम्बन्धी तीनदिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो ।

झापाको हल्दिबारी, पृथ्वीनगर र बाहुनडाँगीमा आयोजित अन्तर्क्रियाका सहभागीले हरियो चिया

पत्तिको गुणस्तर वृद्धिको विकल्प नभएको बताए । उनीहरुले गुणस्तर नहुँदा भारतीय चियाले विश्व बजारमा विश्वास गुमाउँदै गएको अवस्थामा नेपाली चिया किसान त्यसतर्फ सचेत हुनु पर्नेमा जोड दिए । राष्ट्रिय चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक डा.बिष्णुप्रसाद भट्टराईले हरियो चिया पत्तिको गुणस्तर वृद्धिका लागि लगातार सरकारको ध्यानाकर्षण गराउने काम गरिरहेको बताए ।

उनले हरियो चिया पत्तिको गुणस्तर वृद्धिका लागि यो सिजनमा झापाका किसानलाई पर्याप्त हुने मलखाद्यको व्यवस्था गर्ने काममा आफू स्वयम् जुटेको बताए । उनले चिया बगानमा सिंचाइको पर्याप्त व्यवस्थाका लागि प्रदेश सरकारमार्फत अनुदानमा बोरिङको व्यवस्था गर्न लागेको जानकारी दिए । नेपाल चिया उत्पादक संघका उपाध्यक्ष आदित्य पराजुलीले अस्वस्थ्य प्रतिस्पर्धाका कारण झापामा हरियो चिया पत्तिको गुणस्तर वृद्धि गर्न समस्या भएको बताए । उनले किसानले समयमै पर्याप्त मलखाद्य र सिंचाईको सुविधा पाए हरियो चिया पत्तिको गुणस्तर वृद्धिमा कुनै कन्जुस्याइँ नहुने बताए । राष्ट्रिय चिया तथा कफी विकास बोर्ड क्षेत्रीय कार्यालय बिर्तामोडका प्रमुख इन्द्रप्रसाद अधिकारीले हरियो चिया पत्तिको गुणस्तरमा ध्यान दिन नसके नेपाली चियाको भविष्य खुम्चिदै जाने बताए । तर, गुणस्तर वृद्धि गर्न सके चिया खेती दीगो र राम्रो आम्दानीको खेतीको रुपमा विकास गर्न सकिने बताए । उनले गुणस्तर वृद्धि गर्न सके नेपाली चियालाई भारतीय बजारको मात्र भर नपरी तेस्रो मुलुकमा समेत निर्यात गर्न सकिने बताए ।

अन्तर्क्रियामा हरियो चिया पत्तिको गुणस्तर वृद्धिका लागि किसानलाई चिया बगानमा गर्नुपर्ने न्यूनतम कामहरुका बारेमा जानकारी दिइएको थियो । त्यस्तै बगानमा गर्नुपर्ने सालेना काँटछाँट र रेखदेखलगायत विषयमा प्रयोगात्मक प्रशिक्षण समेत दिइएको थियो । चिया खेती र हरियो चिया पत्तिको गुणस्तर वृद्धिबारे बोर्डका कृषि प्राविधिक अनन्त ढुंगाना र लीला शिवाकोटीले प्रशिक्षण दिएका थिए । अन्तर्क्रिया कार्यक्रमको सञ्चालन बोर्डका लेखा अधिकृत सुमन त्रिखत्रीले गरेका थिए ।

प्रथम सन्थाल कपको उपाधि आयोजकलाई

झापा(प्रस) । झापाको कनकाई नगरपालिकामा संचालित प्रथम सन्थाल कप फुटबल प्रतियोगिताको उपाधि आयोजक झापा मोरङ सन्थाल फुटबल क्लबले हात पारेको छ ।

फाइनल खेलमा राजगढ सन्थाल फुटबल क्लबलाई टाईब्रेकरमा हराउँदै आयोजक बिजयी बनेको हो । बिजयी टिमले नगद ३० हजार र ट्रफि पाउँदा उपबिजयी टिमले नगद २० हजार रुपैयाँ प्राप्त गर्यो । बिजयी तथा उपबिजयी टिमलाई कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, समाजसेवी शेरबहादुर थापा, फुटबल प्रशिक्षक सन्त रायमाझी, नेपाल सन्थाल आदिवासी जनजातिका केन्द्रीय अध्यक्ष सुन्दर बेम्नालगायतले नगद पुरस्कार प्रदान गरे ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी राजु हस्दा, उत्कृष्ट गोलकिप्पर विकास टुडू र सर्वोकृष्ट खेलाडी राजगढका आशिस टुडू घोषित भए ।

प्रतियोगिताबाट एक उत्कृष्ट सन्थाली युवाको फुटबल टिम तयारी गरिने आयोजक समितिका अध्यक्ष बाबुलाल मुर्मूले बताए । झापा, मोरङ र सुनसरीका केहि भागमा बसोबास गर्दै आइरहेका सन्थाल समुदायका युवालाई खेलप्रति अभिप्रेरित गराउन र उनीहरुको पहिचानका लागि हरेक बर्ष सन्थाल कप फुटबल प्रतियोगिता आयोजना गरिने अध्यक्ष मुर्मूले बताए । समापनमा सन्थाली नृत्य प्रस्तुत गरिएको थियो । प्रतियोगितामा झापा र मोरङका १६ सन्थाली फुटबल टिमको सहभागिता रहेको थियो ।

कनकाईका सुकुम्बासीलाई धनीपुर्जा



झापा(प्रस) । झापाको कनकाई नगरपालिकाले त्यहाँका २० सुकुम्बासीलाई जग्गा धनीपुर्जा वितरण गरेको छ ।

विश्व मानवअधिकार दिवसका अवसरमा नगरपालिकाले कनकाई-८ का सुकुम्बासीलाई जग्गा धनीपुर्जा वितरण गरेको हो । सो अवसरमा नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले हरेक मानिसले भूमि पाउनुपर्ने मानवअधिकारभित्रकै एउटा अधिकार भएकाले जग्गा धनीपुर्जा वितरण गरिएको बताए । कनकाई वडा नं ८ थप ३० वटा र वडा नं ५ को ९० वटा धनीपुर्जा तयार भइसकेको जनाइएको छ । नगरमा रहेका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बासोबासीलाई धनीपुर्जा वितरण गर्ने कार्यक्रमअन्तर्गत नै नगरपालिकाले जग्गा धनीपुर्जा वितरण गरेको हो । नगरपालिकाले तयारी धनीपुर्जा वितरण गर्ने तयारी गरे पनि भूमि आयोग झापाले प्रमाणीकरणको काम बाँकी रहेकाले प्रतिलिपिमात्र उपलब्ध गराएको छ । 'भूमि ऐनले तथ्यांक संकलन र धनीपुर्जा वितरणको अधिकार स्थानीय तहलाई दिएको छ', नगरप्रमुख पोखरेलले भने, '६ दशकदेखि यहाँका नागरिकले धनीपुर्जा नपाएको अवस्था छ, अब त्यो अन्त्य हुन्छ ।'नगरपालिकाले गत भदौ २५ गते नै धनीपुर्जा वितरण गर्ने कार्यक्रम तय गरेको थियो । निर्वाचन आचारसंहिताका कारण शनिबारदेखि धनीपुर्जा वितरण थालिएको नगरपालिकाले जनाएको छ । कनकाइमा भूमिहीन दलितको संख्या तीन सय ३७, भूमिहीन सुकुम्बासी दुई हजार तीन सय २९ र अव्यवस्थित बासोबासीको संख्या चार हजार चार सय २५ रहेको छ । उनीहरूको लगत संकलनलगायतका सबै काम सकिएको छ भने एक हजार पाँच सय ३१ बिघा जग्गाको आठ हजार सात सय ७८ कित्ता जग्गाको धनीपुर्जा वितरण गरिने छ ।

१ सय २० किलोग्राम गाँजा बरामद

झापा(प्रस) । जिल्ला प्रहरी कार्यालय उदयपुरले १२० किलोग्राम गाँजा बरामद गरेको छ ।

कटारी नगरपालिका- ६ साँगुरीमा प्रहरीले ६ बोरा गाँजा बरामद गरेको हो । गाँजा बोकेका मान्छे भने फरार रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रवक्ता प्रहरी नायब

उपरीक्षक राकेशकुमार पोद्धारले जानकारी दिए । कटारी नगरपालिका- ६ साँगुरीमा प्रहरी चौकी रिस्कुबाट खटिएको गस्ती टोलीलाई देखेपछि गाँजा ओसारपसारमा संलग्न व्यक्ति गाँजा फालेर भाग्ने क्रममा सो गाँजा बरामद भएको हो ।

नेपालमा जन्मदर स्वाट्टै घट्यो

झापा(प्रस) । नेपालमा गएको २६ वर्षको अवधिमा सन्तान जन्माउने दर स्वाट्टै घटेको एक सर्वेक्षणले देखाएको छ ।

सन् १९९६ देखि २०२२ सम्म आइपुग्दा महिलाले औसतमा २ जना सन्तान जन्माउने गरेको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले देखाएको छ । सर्वेक्षण अनुसार सन् १९९६ मा प्रति एकहजार महिलाहरूले ४.६ बच्चा जन्माएका थिए । अर्थात् दुईजना महिलाले ९ जना बच्चा जन्माउँथे । यस्तै, २००१ मा प्रतिमहिलाले बच्चा जन्माउने दर २.१ थियो । अर्थात् औसतमा एक महिलाले ४ जना बच्चा जन्माउँथे ।

२००६ मा गरिएको सर्वेक्षणमा जन्मदर ३.१ प्रतिशत थियो भने सन् २०११ जन्मदर घटेर २.६ प्रतिशतमा पुग्यो । यस्तै, सन् २०१६ मा जन्मदर २.३ प्रतिशत पुग्दा २०२२ सम्म आइपुग्दा घटेर २.१ प्रतिशतमा झरेको जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणले देखाएको छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

"हल्दीबारीको दृष्टि-कृषि र पर्यटन मार्फत समृद्धि"

हल्दीबारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनुषपोखरी झापा

कृषि स्नातक प्राबिधिक सेवा करार सम्बन्धी पुन: सूचना प्रकाशित गरिएको बारे।
(सूचना प्रकाशित मिति : २०७९/०८/२५ गते)

हल्दीबारी गाउँपालिकाको लागि देहायको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकोले मिति २०७९/०५/०६ मा प्रकाशित सूचना अनुसार परेको दरखास्त लाई कायम राखि योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहितसंलग्न राखि दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि पुन: सूचना प्रकाशित गरिएको छ ।

तपशील

क्र. सं.	बिज्ञापन नं.	पद	तह	माग संख्या
१.	०१/२०७९- ०८०	कृषि स्नातक प्राविधिक	स्थानीय तहको अधिकृतस्तर छैटौ तह सरह	१ जना

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव
   क) मान्यता प्राप्त बिश्वबिद्यालय वा शैक्षिक संस्थाबाट कृषि बिज्ञानमा कम्तिमा स्नातक तह उर्तिण भएको ।
   ख) दरखास्त दिने अन्तिम मितिमा २१ बर्ष पुरा भई ४५ बर्ष उमेर ननाघेको ।
२. फारम पाईने तथा दरखास्त दिने स्थान : हल्दीबारी गाउँपालिकाको कार्यालय
३. दरखास्त दिने अन्तिम मिति : २०७९/०९/ १० गते र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट ।
४. आवेदन दस्तुर : रु. १०००।-
५. छनौटको किसिम : करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७५ को दफा ४ बमोजिम हुने ।
६. आवेदनको साथ संलग्न आवश्यक कागजातहरु स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु
   क) नागरिकताको प्रतिलिपी
   ख) न्यूनतम योग्यताको तथ्याङ्क प्रमाण पत्र
   ग) चारित्रिक प्रमाणपत्र
   घ) तालिमको प्रमाण पत्र
   ङ) अनुभव भए सो को कागजात
   च) २ प्रति पासपोर्ट साईजको फोटो
७. सेवा सुबिधा तथा अन्य : स्थानीय तहमा कृषि स्नातक प्राबिधिक परिचालन कार्यबिधि २०७९ को दफा ८ बमोजिम हुनेछ ।
८. आवेदनको ढाँचा कृषि स्नातक प्राबिधिकको कार्यबिवरण स्थानीय तहमा कृषि स्नातक प्राबिधिक परिचालन कार्यबिधि २०७९ बमोजिम हुनेछ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

किसानको धान किनिदेऊ

सरकारले धानको मूल्य तोकेपनि खाद्य व्यवस्था तथा व्यापार लिमिटेडले त्यस मूल्यमा धान किनिरहेको छैन । जसबाट किसानहरू मर्कामा परेका छन् । सरकारको मुख ताक्दा भनै समस्या हुने भन्दै केहीले सस्तो मूल्यमा धान बिक्रीसमेत गरिरहेका छन् । केन्द्रीय कृषि मन्त्रालयले एक महिनाअघि नै धानको समर्थन मूल्य तोकेको हो । तर, मूल्य तोकिएपनि खाद्य व्यवस्था तथा व्यापार लिमिटेड भने कृषकको धान किन्न तयार छैन। धानको बजार मूल्य र समर्थन मूल्यबीचको 'ग्याप' बापतको रकम आफूले नपाएका कारण धान किन्न असमर्थ रहेको लिमिटेडको भनाइ छ। मन्त्रालय र लिमिटेडबीच समन्वयको अभावमा यो वर्ष धान खरिदमा ढिलाइ भइरहेको छ। अघिल्ला वर्षहरूमा मंसिरको पहिलो सातादेखि नै लिमिटेडले धान खरिद गथ्र्यो। यो वर्ष मन्त्रालयले दिनुपर्ने रकम नपाएपछि आर्थिक अभाव देखाउँदै सरकारलाई दबाब दिन खाद्यले धान खरिद नगरेको सम्बद्ध स्रोतको दाबी छ। सरकारले धानको न्यूनतम समर्थन मूल्य तोकेको १ महिना बित्यो। तर, खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि आधुनिकीकरण परियोजनाले सरकारले तोकेको समर्थन मूल्यअनुसार कृषकबाट धान खरिद गर्न थालेका छैनन्। खासमा त, सरकारले न्यूनतम समर्थन मूल्य बाली लगाउनुअघि नै निर्धारण गर्नुपर्ने प्रावधान छ। तर, यसमा सरकार गम्भीर देखिएको छैन । आफूले तोकेको समर्थन मूल्यमा सबै किन्ने व्यवस्था सरकारले नगरेसम्म समर्थन मूल्यको अर्थ छैन । कृषकले मंसिरमा धमाधम धान काटेर बेच्ने समयमा २०७९/८० का लागि मन्त्रिपरिषद्ले गत कात्तिक १६ गते मूल्य तोक्यो। तर, अहिले प्रक्रियामै अल्झिएको छ। यद्यपि यसपटक सरकारले मोटा धान प्रतिक्विन्टल २ हजार ९ सय ६७ रुपैयाँ र मध्यम धान प्रतिक्विन्टल ३ हजार १ सय २८ रुपैयाँ मूल्य निर्धारण गरेको छ। यो गत वर्षभन्दा प्रतिक्विन्टल २ सय २६ रुपैयाँ बढी हो। गत वर्ष मोटा धानका लागि प्रतिक्विन्टल २ हजार ७ सय ५२ र मध्यम धानका लागि २ हजार ९ सय २ रुपैयाँ तोकेको थियो। सरकारले हरेक वर्ष बजार मूल्यभन्दा समर्थन मूल्य बढी तोक्ने गरेको छ । यसवर्ष बजारमा धानको मूल्य प्रतिक्विन्टल दुई हजारदेखि २३ सयसम्म छ । यो बेवास्ताले सरकार किसानमारा भएको प्रमाणित हुन्छ । मल र सिंचाइको समस्या झेलेर किसानले उत्पादन गरेको धान नकिन्ने हो भने देशबाटै किसान उन्मूलन गर्दा बेश होला ।

सरकार निर्माणको बहस

डा.शान्तिकृष्ण अधिकारी

आमनिर्वाचनको अन्तिम नतिजा लगभग आइसकेको छ। प्रत्यक्षतर्फको परिणाम प्राप्त भइसकेको छ भने समानुपातिकतर्फको संख्यात्मक नतिजा प्रकाशित भइसकेको छ। समानुपातिक तर्फका व्यक्तिका बारेमा मात्रै निर्णय हुन बाँकी छ। यो लेख प्रकाशित हुँदा कुन पार्टीका को-को व्यक्तिले समानुपातिक पद्धतिबाट सांसद हुने सौभाग्य प्राप्त गरे भन्ने सबैको जानकारीमा आइसक्नेछ । कुन पार्टी सबैभन्दा ठूलो र कुन पार्टी दोस्रो, तेस्रो या त्यसपछिका भए भन्ने आमजनतालाई थाहा भइसकेको छ। बाँकी यत्ति मात्रै छ कि अब सरकार कसको र कस्तो बन्छ होला ?

राजनीतिक दललाई आफ्नै नेतृत्वमा सरकार गठन गर्न पाए हुन्थ्यो भन्ने लाग्छ नै। दलका सभापति या संसदीय दलका नेतालाई त आफ्नो नेतृत्वमा सरकार गठन गर्न पाए हुन्थ्यो भन्ने सपना होला। त्यसका अलावा मन्त्री हुने सम्भावना भएका सांसदलाई पनि आफ्नो पार्टी सरकारमा गएर बढीभन्दा बढी भूमिका निर्वाह गरे हुन्थ्यो भन्ने लागिरहेको हुन्छ। आमजनता र मतदाताका निमित्त यी सबै कुरामा त्यति धेरै चासो हुँदैन। बरु सरकारमा कस्ता मान्छे सम्मिलित हुन्छन् र तिनले कस्तो पद्धति अपनाउँदै सरकार चलाउँछन् भन्नेमा विशेष सरोकार हुन्छ।

संविधानले भनेअनुसार बहुमत ल्याउने पार्टीको सरकार बन्छ। प्रधानमन्त्री को बन्छ भन्दा बहुमत जुटाउन सक्ने पार्टीका संसदीय दलका नेता बन्छन्। नेपालको संविधान नै यस्तो बनेको छ कि कुनै पनि पार्टीले बहुमत ल्याउनु भनेको फलामको चिउरा चपाउनुभन्दा पनि कठिन बनेको छ। निर्वाचन आयोगको प्रणाली नै त्यस्तो बनाइएको छ कि अपवादबाहेक नेपालको संसदीय राजनीतिमा कुनै पनि दलले कहिल्यै पनि बहुमत हासिल गरी सरकार गठन गर्न सक्ने सम्भावना धेरै टाढाको कुरा हो। एउटा दलले अर्को दलको भर नपरी सरकार गठन हुनै नसक्ने व्यवस्था लागू गरिएको छ।

निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल बनेको छ । वि.सं. २०७४ को निर्वाचनपश्चात् नेकपाका नाममा प्रधानमन्त्री बनेका केपी ओलीले संसदीय राजनीतिक प्रणालीका लागि जतिसुकै अक्षम्य अपराध गरेका भए पनि उनले नेतृत्व गरेको एमाले दोस्रो ठूलो दल बनेको छ। वि.सं. २०६४ को संविधान सभा निर्वाचनमा ठूलो दल बने पनि नेकपा माओवादी निकै कम मत र सांसद सङ्ख्या प्राप्त गरी तेस्रो ठूलो दल बन्न पुगेको छ। बरु भर्खरै उदाएको स्वतन्त्र पार्टी माओवादीलाई चुनौती दिँदै चौथो दल बन्न सफल भएको छ।

सबैभन्दा ठूलो दल भएका कारण कांग्रेस पार्टीले सरकारको नेतृत्व गर्ने अपेक्षा राख्नु स्वाभाविकै देखिन्छ। यसका सभापतिले संसदीय दलको नेता हुँदै प्रधानमन्त्री हुने इच्छा व्यक्त गर्नु अनौठो भएन। राजनीतिमै आफ्नो स्वर्णिम समय बिताएका रामचन्द्र पौडेलले एक पटक कार्यकारी पदको चाहना राख्नुलाई पनि अन्यथा मान्न सकिन्न। एउटा विचार समूहको नेतृत्व गर्दै आएका डा. शेखर कोइरालाले अब म नेतृत्व गर्छु भनेको कुरालाई पनि हलुका रूपमा लिनु हुँदैन। समयले नै युवा नेतृत्व भनिरहेका बेला कांग्रेसका युवानेता एवं महामन्त्री गगन थापाले अब पार्टीमा गतिशीलता ल्याउँछु र देशको मुहार बदल्न अहं भूमिका निर्वाह गर्नेछु भन्नुलाई पनि सकारात्मक भन्नुपर्छ।

कांग्रेसमा नेतृत्व लिने होडबाजीमा धेरै नेता देखिनुभएको छ। कांग्रेसको विधान र परम्पराअनुसार संसदीय दलको नेता चयन गर्न दलमा चुनाव नै हुने गरेका कारण नेता को बन्छ भनेर अहिल्यै यसै भन्न सकिने अवस्था छैन। मान्छेको मन न हो, आजसम्म एक जनालाई रुचाउँदै आएको सांसदले भोलिको स्वर्णिम नेपालको कल्पना गर्दै अर्कै नेतालाई संसदीय दलका नेताका निम्ति भोट नदेला भन्न सकिन्न। त्यसैले कांग्रेसको नेतृत्वमा सरकार बन्दा कस्तो बन्छ भन्ने हेर्नका लागि केही दिन कुर्नैपर्ने भएको छ।

कथं कदाचित् पासा पल्टिएर दोस्रो ठूलो दल नेकपा एमालेको नेतृत्वमा सरकार बन्दा त केपी ओलीकै प्रधानमन्त्रित्वमा सरकार गठन हुने निश्चित छ। एमाले चुनावमा जाँदादेखि नै एक मात्र नेता ओलीलाई मानेर गएको थियो। एमालेमा संसदीय दलका नेता चयन गर्न निर्वाचन हुने सम्भावना निकै कम देखिन्छ। ओलीका रहरले निर्वाचनको नाटक मञ्चन गरियो भने पनि उहाँका विरुद्धमा कसैले उम्मेदवारी दिने हिम्मत गर्लान् भन्ने पनि लाग्दैन। किनकि भीम रावल र घनश्याम भुसालको नियति भोग्न राजनीतिमा लामो समय बिताएकाका निम्ति रहरको विषय बन्दैन।

पार्टी र मान्छेको रहर न हो। तेस्रो ठूलो दल भएका कारण प्रत्यक्षमा १८ सिट मात्रै जित्दा पनि माओवादी केन्द्रका प्रचण्ड आफ्नै नेतृत्वमा सरकार बन्नुपर्ने अभिप्रायका साथ प्रधानमन्त्री पदको दौडाहामा देखिनुभएको छ। यो पार्टीमा पनि संसदीय दलको नेता चयन गर्न कुनै प्रक्रिया अपनाउनुपर्ने परिस्थिति देखिएको छैन। त्रिशङ्कु संसद्मा भएकाले प्रचण्डलाई पनि सम्भावनाभन्दा टाढा राखेर हेर्न सकिँदैन। निर्वाचनका क्रममा प्रचण्डले रामचन्द्र पौडेलको क्षेत्रमा गएर पौडेल नै, ओनसरी घर्तीका क्षेत्रमा ओनसरी नै र आफ्ना क्षेत्रमा आफैँ प्रधानमन्त्री बन्ने भाषण गर्नुभएको थियो।

पहिला एमालेको समर्थनमा लोकेन्द्रबहादुर चन्द र कांग्रेसको समर्थनमा सूर्यबहादुर थापाले प्रजातान्त्रिक कालमा प्रधानमन्त्री पड् काएजस्तै भर्खरै उदाएको दल राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने नै प्रधानमन्त्री नहोलान् भन्न पनि सकिन्न। उहाँलाई नागरिकता प्रकरणले रोक्छ कि भन्ने आशङ्का छ तर बीस सिट लिएर संसद्मा उपस्थित जनाएका लामिछानेलाई पनि कमजोर आँक्न मिल्दैन। कांग्रेस र एमालेले एकले अर्कोको अस्तित्वलाई अस्वीकार गर्दै जाँदा यस्तै सरकार बन्छ भनेर यसै भन्न नसकिने अवस्था छ।

जनताको चाहना भने अर्कै छ। अब बन्ने सरकारले सुशासनको प्रत्याभूति दिलाउन सकोस् भन्ने मूल चाहना जनताको छ। आममतदातालाई यसकै सरकार बन्नुपर्छ भन्नेमा त्यति चासो रहेको छैन। बरु भावी सरकारले राजनीतिक स्थिरता कायम गर्दै जनताको समृद्धि र मुलुकको समुन्नतिमा ठूलै फड्को मारेको हेर्ने रहर भने सबैले पालेर बसेका छन्। प्रधानमन्त्री जो भए पनि आफू, परिवार र आफ्ना चाकरीबाजलाई भन्दा बढी जनतालाई केन्द्रमा राखेर काम गर्ने प्रधानमन्त्री कुर्सीमा बसेको देख्न पाइन्छ कि पाइँदैन भन्नेमा नै जनता प्रतीक्षारत छन्। ठेकेदार, बिचौलिया, व्यापारी आदिको हितमा भन्दा तल्लो स्तरमा रहेका जनताका पक्षमा रातोदिन काम गर्ने सरकार नै अहिलेको समयको माग हो।

यसका लागि प्रत्यक्ष रूपमा तदारुकताका साथ परिवर्तन ल्याउन सक्ने भनेको चाहना राख्दा कांग्रेस र नेकपा एमालेले नै हो। जनताले पनि आजसम्मको अवस्थामा यिनै दुई दललाई विश्वास गर्दै पहिलो र दोस्रो दल हुने अवसर प्रदान गरेका छन्। राजनीतिक स्थिरता दिने कि नदिने भन्ने यिनै दुई दलका क्रियाकलापमा नै निर्भर छ। यी दुई दल मिले भने कसैले हल्लाउन सक्दैन। यी दुई दलमध्ये कुनै एकलाई पनि अन्य दलले समर्थन गरेनन् भने सरकार गठन नै हुन सक्दैन। अन्यको समर्थन नपाए एकले अर्कोलाई समर्थन गरेर अघि बढ्दामा नै दुवै दलका लागि श्रेयष्कर देखिन्छ।

कांग्रेसले एमालेलाई समर्थन दिनका लागि एमाले र यसका नेताले केही कुरामा विश्वास दिलाउन आवश्यक होला। संसद् विघटनजस्ता कार्य नगर्ने प्रतिबद्धता जनाउनुपर्ने होला। लोकतन्त्रप्रतिको प्रतिबद्धतामा केही कुरामा एमालेले आफूलाई सच्याउनुपर्छ भनेर कांग्रेसले भन्ला। सुशासनका विषय होलान्। त्यस्तै एमालेले पनि कांग्रेसमाथि कुनै कुरामा शंका गरेको छ भने कांग्रेसले एमालेलाई विश्वासमा लिन आवश्यक काम गर्नुपर्ला तर यी दुई दलले आफूबीचका अविश्वासका खाडललाई पुरेर जनतालाई सुख दिन एक हुनैपर्ने बेला आएको छ।

त्यसै गर्ने हो भने सांसद सङ्ख्याका आधारमा समानुपातिक समय वितरण गरेर आलोपालो सरकार चलाउने निर्णय यी दुई दलले गरे भने सबैको सङ्कटको निवारण हुने देखिन्छ। पहिलो दुई वर्ष कांग्रेसको एकलौटी सरकार, त्यसपछिको दुई वर्ष एमालेको सरकार र पछिल्लो एक वर्ष कांग्रेसको प्रधानमन्त्रित्वमा कांग्रेस र एमालेको मिलीजुली सरकार गठन गर्ने सहमतिसहित अघि बढे भने नेपालमा राजनीतिक स्थायित्व रहन्छ कि रहँदैन भन्ने प्रश्न नै हराएर जान्छ। कुरा यतिमा मात्र हो कि कुनै पनि दलले भ्रष्टाचारमा संलग्न हुन नपाउने, भ्रष्टाचारको गन्धसमेत आएमा नैतिकताका आधारमा तत्काल राजीनामा दिने, भ्रष्टाचारमा संलग्नलाई प्रधानमन्त्रीले संरक्षण नदिनेजस्ता कुरामा प्रतिबद्ध रहनुपर्छ।

एउटा प्रश्न उब्जिन्छ, यसो गर्दा सशक्त प्रतिपक्ष खोइ त ? लोकतन्त्रमा सशक्त प्रतिपक्षको महत्वपूर्ण भूमिका हुने गर्छ। प्रतिपक्षबिनाको लोकतन्त्र हुन सक्दैन तर सत्ताधारी दल नै जनमुखी भए भने प्रतिपक्षीको आवश्यकता नपर्न पनि सक्छ। त्यसमाथि लोकतन्त्रमा भीडको कुरा सुन्ने मात्रै होइन। लोकतन्त्रवादी सरकारले अल्पमतका कुरालाई पनि त्यत्तिकै महत्वका साथ प्राथमिकता दिनुपर्छ। अल्पमतलाई पनि सुन्ने गरियो भने प्रतिपक्षमा बसेर सरकारका कमजोरीका बारेमा प्रश्न उठाउनका लागि त साना दल भई नै हाल्छन्। अन्यथा कांग्रेस र नेकपा एमालेका निमित्त अर्को चुनावमा अहिलेभन्दा पनि ठूलो स्वरमा खतराको घण्टी नबज्ला भनेर ठोकुवा गर्न कठिन छ।

सुशासन प्रत्याभूति अनिवार्य सर्त

रघुराम पराजुली

सुशासन नहुनु भनेको भ्रष्टाचारले स्थान पाउनु हो । भ्रष्टाचार बढ्नु भनेको असल शासन व्यवस्था कायम हुन नसक्नु पनि हो । यसलाई विभिन्न तवरले नियन्त्रण गर्न सकिन्छ । उपचारात्मक , निरोधात्मक र सुधारात्मक नीति तथा कार्यक्रम अवलम्बन एवं कार्यान्वयन गरेर भ्रष्टाचार नियन्त्रण तथा निर्मूल गर्न सकिन्छ । जसलाई विभिन्न तह र तप्काबाट सहयोग , अनुसरण र समन्वयको जरुरत पर्छ । भ्रष्टाचार नियन्त्रण कार्य मानिसको आचरण तथा व्यवहारमा गरिने एक निरन्तर सुधार विधि हो । हरेक व्यक्तिले आफ्नो व्यवहारमा सुधार गर्ने चेष्टा गऱ्यो भने मात्र सुशासन कायम गर्नमा मद्दत पुग्छ । सकारात्मक परिवर्तन र सरकारप्रतिको जनविश्वासको अनुभूतिबाट कुनै पनि मुलुकमा सुशासनको आधारशीला के कस्तो रहेको छ भनेर अनुमान गर्न सकिन्छ । लोकतन्त्र संस्थागत स्तरको मापन पनि सुशासनको आँकडासँग तुलना गर्न सकिन्छ । सरकारका कामकारबाही के कति चुस्त दुरुस्त छन् भन्ने आधारमा शासन प्रणालीको सशक्तता र प्रभावकारिता आकलन गर्न सकिन्छ। भ्रष्टाचार एक महारोग हो । भ्रष्टाचारले तात्कालिकभन्दा पनि दीर्घकालीन रूपमा तीव्र असर पारेको हुन्छ। भ्रष्टाचारको जरा जति बढी फैलिन्छन्, त्यति नै यसलाई उखेलेर फाल्न गाह्रो हुन्छ। तसर्थ रोग लाग्नुभन्दा पहिले नै यसको रोकथाम गर्न सकियो भने भ्रष्टाचारबाट कम प्रताडित होइन्छ र सुशासन कायम गर्न सहज हुनेछ।

विश्वमा कुनै पनि मुलुक शतप्रतिशत सदाचार त छैनन् नै तर पनि के कति मात्रामा भ्रष्ट छन् भन्ने फरक विषय हो। भ्रष्टाचारको असर विश्वव्यापी हुन्छ। यसले विश्व समुदायमा कुनै पनि मुलुकको स्तर यकिन गर्छ र सोहीअनुरूपका व्यवहार अन्य मुलुकबाट झेल्नुपर्ने हुन्छ। विश्वका अन्य मुलुकको दाँजोमा कुनै पनि मुलुकको शासन प्रणाली, सुशासनका लागि अवलम्बन गरिएका औजार र त्यसको कार्यान्वयनबाट विकास र समृद्धिको स्वरूप अपेक्षा गर्न सकिन्छ। भ्रष्टाचार पुण्य नभई पाप कर्म हो। यसले कोही अमूक व्यक्तिलाई लाभ देला या हित गर्ला तर कालान्तरमा त्यो लाभ या हित क्षणिक ठहर्छ र यसले पोल्छ पनि। तसर्थ विधिविधान तथा कानुनको परिपालना गर्नु सबै नागरिकको अनिवार्य दायित्व हो। एक व्यक्ति सदाचारी हुँदा उसको परिवार सदाचारी बन्न प्रेरणा मिल्छ भने एक परिवार सदाचारी हुँदा एक टोल तथा समाज सदाचारी बन्न अभिप्रेरित हुन्छ। यसैले सुकर्म नै सदाचारिताको सुरुवात हो भने भ्रष्टाचार नियन्त्रणको खुट्टि कलो पनि हो। भ्रष्टाचार नियन्त्रण गर्न सबै पक्षमा दृढ सोच र इमानदारी चाहिन्छ। तर्जुमा गरिएका नीति तथा कार्यक्रमको वस्तुगत कार्यान्वयन, अनुगमन र मूल्यांकन हुनुपर्छ। भ्रष्टाचारले स्थान लिइरहने हो भने दण्डहीनता, अनुशासनहीनता र अराजकता मौलाउने अवसर पाउँछ। भ्रष्टाचार हुँदा सुशासनको अनुभूति गर्ने मौका नागरिकले पाउन सक्दैनन्। भ्रष्टाचार यस्तो रोग हो, यसले अवसर पायो भने कुनै पनि क्षेत्रलाई बाँकी राख्दैन। तसर्थ यसको प्रवेश हुनै नदिनु सर्वोपरि हितमा हुन्छ।

सरकारले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्षराष्ट्र पनि हो। हरेक वर्ष डिसेम्बर ९ लाई भ्रष्टाचारविरुद्धको अन्तर राष्ट्रिय दिवसका रूपमा मनाउँदै पनि आएको छ। भ्रष्टाचारीलाई कारबाही गर्न नेपालमा संस्थागत तथा कानुनी प्रावधान नभएका पनि होइनन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भ्रष्टाचारीलाई कारबाही चलाइएका खबर पनि सञ्चार माध्यममा आइरहेका छन्। भ्रष्टचारको आँकडामा तात्विक सुधार देखिँदैन।

> सार्वजनिक सेवामा तल्लीन तथा सार्वजनिक पद धारण गरेका पदाधिकारीको आचरणमा गुणस्तरीय सुधार आउनुपर्छ। सेवालाई बढी विश्वसनीय बनाउन निर्णय प्रक्रिया छरितो एवं सहज बनाउनुपर्छ।

भ्रष्टाचार निवारण ऐन, अख्तियार र यसअन्तर्गतका कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, गृह प्रशासन, सर्वोच्च अदालत, महालेखा परीक्षक, विशेष अदालतजस्ता निकायको क्रियाशीलता पनि छ। सरकारी कार्यालयमा नागरिक बडापत्रको प्रावधान कार्यान्वयनमा आएको छ। सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण पनि अभ्यासमा रहेका छन्। हरेक सार्वजनिक निकायमा सूचना प्रवाहका लागि सूचना अधिकारीको व्यवस्था छ भने केन्द्रीय निकायमा प्रवक्तासमेत तोकिने गरेका छन्। संविधानको धारा ५१ मा सार्वजनिक प्रशासनलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने उल्लेख छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार रिसवत लिने दिने, राजस्व चुहावट गर्ने, गलत लिखत तयार गर्ने, गोपनीयता भङ्ग गर्ने, गलत विवरण पेस गर्ने, गैरकानुनी सम्पत्ति आर्जन गर्ने, गैरकानुनी दबाब दिनेजस्ता कार्यलाई भ्रष्टाचारजन्य कसुर भनी जनाइएको छ।

सुशासन ऐन, २०६४ तथा नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५, भ्रष्टाचार नियन्त्रण ऐन, २०५९, निजामती सेवा ऐन, २०४९ तथा नियमावली र सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को व्यवस्था भई तदनुरूप कार्यान्वयन पनि हुँदै आएका छन्। यी प्रावधानको परिपालना र कार्यान्वयनमा सबैले सहयोग गर्नुपर्छ। जसबाट सुशासन कायम गराउन सकिन्छ। सुशासन भयो भने सरकारप्रति जनविश्वास बढाउन सकिन्छ। जनतालाई शासन प्रणालीका विभिन्न पक्षमा सहभागी हुन अभिप्रेरित गराउन सकिन्छ। नागरिकको सार्वजनिक प्रशासनप्रति विश्वास एवं भरोसा बढाउन पनि सुशासनको अनुभूति जरुरी पर्छ। यसका लागि सार्वजनिक सेवामा तल्लीन तथा सार्वजनिक पद धारण गरेका पदाधिकारीको आचरणमा गुणस्तरीय सुधार आउनुपर्छ। सेवालाई बढी विश्वसनीय बनाउन निर्णय प्रक्रिया छरितो एवं सहज बनाउनुपर्छ। सम्भव भएसम्म एकै स्थानबाट आधारभूत सेवा लिनसक्ने अवस्थाको सुनिश्चितता गर्न सक्नुपर्छ।

समृद्धि हासिल गर्न सुशासन अनिवार्य सर्त हो। भ्रष्टाचारको स्केल बढ्नु भनेको समृद्धिविपरीत गति लिनु हो। संविधानको प्रस्तावनामा नै सुशासनको मर्म राखिएकाले सुशासनको प्रत्याभूति गराउनमा सबै पक्षले जिम्मेवारीबोध गर्नु आवश्यक छ। भ्रष्टाचारमा शून्य सहनशीलता नीतिको व्यावहारिक अनुसरण गर्न सुशासनसम्बन्धी नीति, कानुन तथा कार्यान्वयनको समयसापेक्ष परिमार्जन गरिनु पनि आवश्यक छ। अव्यावहारिक र कार्यान्वयन गर्न नसकिने नीति-रणनीतिले सुशासन, विकास र समृद्धिको यात्रालाई गति दिन सक्तैनन्। जसबाट न 'समृद्ध नेपाल सुखी नेपालीको यात्रा' साकार बन्न सक्छ न दिगो विकास लक्ष्यले तय गरेको यात्रामा लम्किनै सकिन्छ। यसर्थ समयसापेक्ष अनुकूल नभएका नीति तथा कानुन परिमार्जन र अनुकूल नीति तथा कानुनको ठोस कार्यान्वयन गरी नागरिकको सरकारप्रतिको विश्वास अभिवृद्धि गर्दै सुशासनको दिगो प्रत्याभूति दिलाउनु टड्कारो आवश्यकता बनेको छ।

परिवर्तन सम्भव छ

दिपेन्द्र राउत

नेपालको राजनीतिमा युवा भएन भनेर भनिरहँदा यस पटक सम्पन्न भएको निर्वाचनमा धेरै युवाहरु प्रतिनिधि सभाको सांसद बनेका छन् । 'नो नट अगेन' भनेर एक प्रकारले राजनीतिमा पटकपटक उम्मेदवार बन्नेहरुलाई बहिष्कारझै अभियान चलेको थियो । धेरै युवा राजनीतिबाट विरक्तिएका देखिन्छन् भने कोही युवा अव राजनीतिमा परिवर्तन आवश्यक छ भनेर आफै उम्मेदवार बनेर निर्वाचित हुँदा युवाले परिवर्तन खोजेको छ भन्ने प्रमाणित भएको छ । युवाको रुची राजनीतिमा बढेको छ र चुनावमा उम्मेदवारी पनि धेरै नै देख्न पाउँदा देश विदेशमा रहेका युवाहरुलाई राजनीतिमा अब चाहिँ परिवर्तन हुने रहेछ भन्ने आभाष हुन थालेको छ । राजनैतिक परिवर्तन भयो तर राजनीतिमा परिवर्तन भएन भनेर युवाहरु सडकमा उत्रिएका थिए । नेपालको राजनीतिक आस्था हेर्ने हो भने बुवा ,हजुरबुवाबाट जस्तो विचार लिएको छ त्यसैअनुरुप नेपाली राजनैतिक पुस्ता हस्तान्तरित हुँदै आएको छ । बाबुबाजे कांग्रेस हुँदा सन्तान पनि कांग्रेस , कम्युनिष्ट हुँदा कम्युनिष्ट बन्ने परम्परा देखिन्छ । ४ दशकदेखि निरन्तर उम्मेदवार बनेका छन् । मन्त्री ,प्रधानमन्त्री लगायतका पदमा बसिसकेका छन् तर पनि अझै आफै नै बन्नु पर्छ भन्ने मान्यता यिनीहरुमा छ । मैले मात्र यो देश चलाउन सक्छु , मैले मात्र जानेको छु , मेरो मात्र अन्तर्राष्ट्रिय सम्बन्ध गाढा छ भनेर आफूमा अहमता नेतामा छाएको छ । राजनीति पनि खानदानी व्यवसाय जसरी गरेका छन् । पुस्ता हस्तान्तरण गर्दै सत्ता र कुर्सी जहिलै आफैमा सीमित राखेका छन् । सरकारमा बसेर उमेर तोकी वृद्ध भत्ता दिने निर्णय यिनैले गर्छन् तर आफूलाई युवा भनेर पदमा लालायित हुन्छन् । राजनीतिमा पक्ष र विपक्ष हुन्छ । तर अहिलेको राजनीतिक अवस्था हेर्दा पक्ष र विपक्ष नै देखिदैन । सबै दलहरुको आफ्ना आफ्ना घोषणापत्र छ , प्रतिवद्धतापत्र छ तर आफूले घोषणा गरेको घोषणापत्र के के पुरा गरे भनेर समीक्षा गरेको ५ वर्षे कार्यकालमा देखिदैन ।

५ वर्षपश्चात् फेरि चुनाव आउँछ अनि घोषणापत्र फेरि बन्छ । ४ दशकदेखि यस्तै प्रवृत्तिले गर्दा नेपालीमा राजनीतिप्रति वितृष्णा पलाएको छ । अनि नेपाली युवा बाध्य छन् विदेशिन । विदेशी भूमिमा बसिरहँदा स्वदेशको माया अत्यन्तै हुन्छ । लाग्छ, म मात्र होला आफ्नो देशलाई माया गर्ने । विदेशमा बस्दा स्वदेशको चिन्ता । स्वदेशमा बस्दा विदेशको इच्छा । यस्तै हुँदै आएको छ युवामा । आफू विदेशमा बसे पनि स्वदेशको राजनैतिक परिवर्तन होस् , विकसित देश बनोस् , आफू जसरी आफ् ना सन्तान विदेशिन नपरोस् भन्ने इच्छा आज धेरै विदेशिने युवामा होला । खाडी मुलुकमा जाने युवामा त यो चाहना होला तर विकसित देश जाने युवामा त्यो भावना नहोला । युवाको भन्दा पनि आज परिवारको इच्छा विदेशिने देख्दा अचम्मै लागेको छ । विदेश पढ्न पठाउने तर स्वदेशमा राजनीति गरेर यो देशको सेवा गर बाबु भनेर कुनै पनि अभिभावकले आफ्ना सन्तानलाई भन्दैनन् होला । अभिभावकले नभने पनि तर यसपालीको चुनावमा स्वतः स्फुर्त युवा उम्मेदवारहरु विजेता बन्दा खुसी महसुस गरेका छन् । राजनैतिक दलमा त खासै नयाँ अनुहार देखिएन तर स्वतन्त्रको नाममा उम्मेदवारी दिने साहस धेरै युवाले गरेका छन् । स्वतन्त्रबाट नै चुनाव जितेर संसदमा आफ्नो उपस्थिति देखाउने अवसर अव युवाले पाएका छन् । 'हजुर हाम्लाई भोट दिनुस् हामी युवा छौ । यही देशमा केही गर्छौं' भन्नेको जमात धेरै नै थिए । डाक्टर , इन्जिनियर, वकिलसहित धेरै पढेका उम्मेदवारहरु यो चुनावमा सहभागी बनेता पनि केही युवालाई नेपाली जनताले चुनेका छन् । अब उम्मेदवारमात्र हैन मतदाता पनि परिवर्तन भएको यस पटकको परिणामले देखाएको छ। आफ्नो पेशा व्यवसाय छोडेर जनताको सेवा गर्न यो चुनावमा उम्मेदवारी हो भन्ने जमात पनि बाक्लै थियो । परिवर्तन सम्भव छ हाम्रो पालामा भनेर पनि युवा राजनीतिमा परिवर्तन गर्न लागेका छन् । देश बनाउनु भनेको आफू बनिनु हो भन्ने सोच अब परिवर्तन गर्नुपर्छ । कार्यकर्ता पोस्ने , अत्याधिक खर्च गरेर चुनाव जितिन्छ भन्ने सोच यस पटकबाट परिवर्तन भएको छ । पैसा हुनेले चुनाव जित्ने, पैसा नहुनेले चुनाव लड्नै नपाउने भन्ने अवस्थाबाट अब चिन्ता लिनु नपर्ने भयो । टिकट लिन नै नेताको पछि लाग्नु पर्ने । नेताको आशीर्वादबाट मात्र टिकट पाउनु पर्ने अवस्थाको अन्त्य आगामी दिनमा अवश्य हुने छ । राजनैतिक सोच परिवर्तन हुँदा आज यस चुनावमा धेरै नयाँ अनुहारहरु उदाएका छन् । नयाँ राजनैतिक पार्टी उदाएको छ । केही महिनामै राष्ट्रिय पार्टी बनेको छ। जनजनको मन मनमा घण्टी बजाएको छ । पुरातन सोच र राजनीतिमा हाली मुहालीको अन्त्य यी यस्तै नयाँ सोच र नयाँ जोशले अवश्य नै गराउने छ । मतदातामा छाएको खुसी , नेतामा छाएको भय अबको दिनमा घण्टीको सामना गर्न गाह्रो पर्ने तर्क राजनैतिक दलहरुले पनि गर्न थालेका छन् । हामी पुरानो पार्टी हामीलाई जनताले विश्वास गरेका छन् भन्ने दिन अब बाँकी रहने छैन । राजनैतिक दलहरु भनेको विभिन्न राजनैतिक परिवर्तन गरेर उदाएका हुन्छन् तर घण्टीको उदय नेपाली जनताको मनबाट भएको आभाष गरेका छन् । राजनैतिक विकृति र भ्रष्टाचारीहरुको विरुद्ध उदाएको छ घण्टी भनेर भनिरहेका छन् । नेपालमा भएका राजनीतिक दलहरु नसुध्रिने हो भने अब आम जनताले परिवर्तन खोजेका छन् । देशमा परिवर्तनहरु धेरै भए तर जनतामा परिवर्तन चाहियो । देश विकासमा परिवर्तन चाहियो । स्वतन्त्र देशका हामी जनता स्वतन्त्र भए पनि राजनीतिले हामीलाई स्वतन्त्र बनाउन सकेन । देश जन्मिएको धेरै भयो , नेता धेरै जन्मिए तर राजनेता भनेर गर्व गर्ने नेता हामीले पाउन सकेनौ । परिवर्तन हामीबाट नै सम्भव छ भन्ने प्रमाण यस चुनावबाट पनि सिद्ध भईसकेको छ ।

गौरवशाली कमायो १३ लाख मुनाफा

झापा(प्रस)। गौरवशाली बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ५ को १३ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ। पर्यटकीय स्थल जामुनखाडीमा गौरवशाली साकोसले साधारणसभा गरेको हो । संस्थाका अध्यक्ष लवकुमार चौधरीको अध्यक्षता तथा जिल्ला बचत तथा ऋण सहकारी संघ (नेफ्स्कुन) का जिल्ला अध्यक्ष तुलाराम न्यौपानेको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेफ्स्कुनका बिर्तामोड इन्चार्ज विनोद न्यौपाने , सहकारीका सल्लाहकारहरु पुष्पलाल चौधरी , इन्द्रसिंह राजवंशी ,तेजनारायण चौधरी , राजवंशी विकास प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशी ,बिर्तामोड उद्योग वाणिज्य संघकी सह-कोषाध्यक्ष राधिका चुडाल , उन्नतिशील महिला समूहकी उमा मिश्र , सगरमाथा इन्स्युरेन्स कम्पनीका गणेश मगरलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष चौधरीले आर्थिक वर्ष २०७८/०७९ मा कूल आम्दानी ७९ लाख ७८ हजार ३२४ तथा खर्च र आयकर गरी ६६ लाख ८० हजार २९० भुक्तान गरी खुद नाफा १२ लाख ९८ हजार ३३ रुपैयाँ कमाउन सफल भएको जानकारी दिए । उनले संस्थाको शेयर पुँजी १ करोड ४ लाख ४६ हजार ५०० रुपैयाँ र शेयर सदस्य १ हजार ६९२ जना रहेकोसमेत जानकारी दिए ।

कार्यक्रममा असल बचतकर्ता रिमा राजवंशी , कुशुम प्रधान , मन्जुदेवी यादव , पूर्णचन्द्र बस्नेत , शम्भु शाह , असल ऋणी केशवकुमार यादव , भीम विश्वकर्मा , बिमला राजवंशी , असल कर्मचारी किरण थारु , कलावती राजवंशी र बाल बचतकर्ता गौरी अग्रवाललाई नगदसहित सम्मान गरिएको थियो । संस्थाका उपाध्यक्ष युवराज बिमलीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव मीरा खड्काले गरेकी थिइन् ।

पौडेलले खोले थकाली किचेन

झापा(प्रस) । विगत एक दशकदेखि होटल व्यवसाय गर्दै आएका युवा व्यवसायी कृष्ण पौडेलले थकाली किचेन एण्ड लुम्बिनी तन्दुरी मट्का हाउस संचालनमा ल्याएका छन् ।

बिर्तामोडको भगवान चोकमा संचालित थकाली किचेन एण्ड लुम्बिनी तन्दुरी मट्का हाउस पौडेलको पाँचौ व्यवसाय हो । २०७२ सालमा सेन्टर पोइन्ट पार्टी प्यालेस खोलेका व्यवसायी पौडेलले त्यसपछि सी.टी. होटल एण्ड पार्टी प्यालेस,हेभन होटल , अधुवा पुल पूर्व थकाली किचेन र चन्द्रगढीमा थकाली किचेन संचालन गरेका थिए । थकाली किचेनमा लामो अनुभव लिएका पौडेलले पछिल्लो पटक खोलेको थकाली किचेन एण्ड लुम्बिनी तन्दुरी मट्का हाउसको शनिवार उद्घाटन गरिएको छ । बिर्तामोड , बाह्रदशी र दमकका ४० जना दृष्टिविहीनहरुलाई निःशुल्क भोजन गराएर होटल उद्घाटन गरिएको हो । थकाली खाना , लुम्बिनी तन्दुरी चिकेन , तन्दुरी रोटी ,मट्का मासुलगायतका परिकारहरु आफ्नो होटलमा उपलब्ध रहेको उनले जानकारी दिए । होटलमा हेड सेफ काभ्रेबाट मगाइएको छ भने सहायक सेफ मोरङका हुन् ।

तर, थकाली खाना आफैले बनाउने गरेको संचालक पौडेल बताउँछन् । गुणस्तरीय सेवा दिएपनि मूल्य भने अन्य ठाउँजस्तै सस्तो नै रहेको उनले जानकारी दिए । मटन खाना सेट ४५० , सादा खाना २५० , लोकल चिकेन खाना ४०० र बोइलर चिकेन खाना ३५० रुपैयाँमा उपलब्ध रहेको पौडेलले बताए । करिव ७० लाख रुपैयाँको लागतमा सो होटल संचालनमा ल्याइएको अर्का संचालक अनु पौडेलले बताइन् ।

जन्मदिनमा बालक्लबलाई सहयोग

झापा(प्रस) ।जन्मदिनको अवसरमा मोहनमाया माध्यमिक विद्यालयका प्रधानाध्यापक शेरबहादुर श्रेष्ठले बालक्लबलाई सहयोग गरेका छन् । बिर्तामोड २ चारपानेस्थित मोहनमाया माध्यमिक विद्यालयका प्रधानाध्यापक श्रेष्ठले स्थानीय सरकारबाट प्राप्त भएको मासिक भत्ता बापतको रकम विद्यालयमा रहेको बालक्लबलाई हस्तान्तरण गर्दै आफ्नो जन्मदिन मनाएको फोकल पर्सन ममता राजवंशीले जानकारी दिइन् ।

वडा नम्बर २ का वडाध्यक्ष किशोर कुमार पौडेलको प्रमुख आतिथ्य रहेको कार्यक्रममा बालबालिका तथा शिक्षा संचार मञ्चका संयोजक सरोज पौडेलले कार्यक्रमबारे प्रष्ट् याएका थिए ।

वडाध्यक्ष पौडेलले बालबालिकाका लागि गरिने लगानी सयौं पुस्तालाई हुने र यो देशको भबिष्य निर्माणमा महत्वपूर्ण योगदान हुने भएकाले बालबालिकामा लगानी गर्न आग्रह गरे । उनले सो क्लबलाई संचालनका लागि ५ हजार रुपैयाँ सहयोग गर्दै आगामी बर्षबाट बार्षिक १० हजार वडाबाट उपलब्ध गराउने प्रतिबद्धता ब्यक्त गरे ।

कार्यक्रममा वडा सदस्य ओमनाथ गौतम, एकता स्पोर्टिङ क्लबका सचिब लक्ष्मीप्रसाद घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

बालक्लब अध्यक्ष पुनम अधिकारीको अध्यक्षता रहेको कार्यक्रमको संचालन फोकल पर्सन राजबंशीले गरेकी थिइन् ।

सवारी दुर्घटनामा एकको मृत्यु, ४ घाईते

झापा(प्रस)। सुनसरीको बराहक्षेत्र नगरपालिका-३ स्थित सडकखण्डमा मोटरसाईकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ४ जना घाईते भएका छन् ।

मृत्यु हुनेमा को १७ प ६९४४ नम्वरको मोटरसाईकल चालक बेलबारी नगरपालिका-२ का ३५ बर्षीय हर्कबहादुर राई रहेका छन् । उनको उपचारको क्रममा धरान घोपामा मृत्यु भएको हो । शनिवार साँझ ६ बजे प्रदेश १-०२-०४३ प १७१, को.३८प ९२१० र को. १७ प ६९४४ नम्वरको मोटरसाईकलहरु आपसमा ठक्कर खाई दुर्घटना हुँदा घाईते भएका बराहक्षेत्र-१ का ३३ बर्षीय रंजित कार्की, ३५ बर्षीय सुभास श्रेष्ठ, सुन्दरहरैचा-२ का ३८ बर्षीय हेमचन्द्र गुरागाई र २६ बर्षीय इन्दिरा गुरुङको धरान घोपामा उपचार भईरहेको छ ।

घटना सम्वन्धमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थप अनुसन्धान भईरहेको छ ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANAMNANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१८	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष — आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छ ।

वृष — कला र गलाको प्रभाव बढ्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

मिथुन — यात्रा गर्दा बाटोमा दुःख हुन सक्छ । काम बिगार्न चाहनेहरू अगाडि बढ्न सक्छन् ।

कर्कट — शेयर बजारले पनि साथ दिनेछ । सजिलै अरूको मन जित्न पनि सकिनेछ ।

सिंह — परिवारमा नयाँ सदस्य थपिने छ । समाज र परोपकारमा समय बित्न सक्नेछ ।

कन्या — आज परदेशी घर फर्कने योग छ । घरपरिवारमा रमाइलो वातावरण छाउनेछ

तुला — भिनामसिना काममा धेरै समय खर्चनु पर्नेछ । आम्दानीमा पनि कमी आउनेछ ।

वृश्चिक — आफन्त, सहयोगी र मित्रवर्गको सहयोगले महत्वपूर्ण कार्य सम्पन्न हुनसक्छ ।

धनु — धार्मिक कार्यमा संलग्न भइनेछ । रचनात्मक कार्यमा जुट्दा फाइदा हुने

मकर — आजको समय मध्यम खालको छ । आज ठूलो लगानी गर्नु उपयुक्त छैन ।

कुम्भ — मठमन्दिरको भ्रमणले काम सम्पन्न हुनेछ । परोपकारी कार्यमा संलग्न भइनेछ ।

मिन — दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । प्राविधिक कार्यमा लगाव बढ्नेछ ।